www.ekantipur.com
शनिबारको
काठमाडौं, विराटनगर, भरतपुर र नेपालगञ्जबाट एकैसाथ प्रकाशित
नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर
६ पुस २०७० शनिबार पौष कृष्णपक्ष चतुर्थी | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Saturday, December 21, 2013 | www.ekantipur.com

# सुबिधा गुम्दा पनि दुवै पक्ष मौन

**कान्तिपुर संवाददाता**/काठमाडौं

नेपालले मात्रै उपभोग गरिरहेको भन्सार र कोटारहित सुविधा सबै अतिकम विकसित मुलुकले पाउन थालेपछिको अवस्थाबारे शनिबारदेखि सुरु हुने नेपाल-भारत वाणिज्य सचिवस्तरीय बैठकमा छलफल नहुने भएको छ। सुविधा दिँदा पनि व्यापारमा सुधार हुन नसकेको अवस्थामा यसै वर्षदेखि भारतले सबैका लागि खुला गरेको सुविधाले पर्ने असरबारे दुवै पक्ष मौन छन्।

## >> नेपाल-भारत सचिवस्तरीय बैठक आजदेखि

सन् १९९६ मा भएको सन्धिअनुसार दुवै देशका प्राथमिक उत्पादनले भन्सार र कोटा नलगाई प्रवेश पाउने व्यवस्था थियो। यससँगै भारतीय औद्योगिक उत्पादनलाई नेपालले भन्सार महसुल लगाए पनि भारतले लगाउँदैन। तर अब सबै एलडीसीले सोही सुविधा पाएपछि प्रतिस्पर्धा बढेर लाभको क्षयीकरण हुने देखिन्छ। 'यसबारे यस पटकको बैठकमा एजेन्डा छैन,' बैठकमा सहभागी हुने नेपाली पक्षका एक उच्च अधिकारीले भने। उनका अनुसार छिमकी र भूपरिवेष्ठित एलडीसी भएका कारणले थप सहुलियतका लागि आगामी दिनमा छलफल हुन सक्ने भने बताए।

भारततर्फको निर्यात १९९६ यता ३ गुणा बढेको छ। त्यति बेला १९ अर्ब रुपैयाँ रहेको निर्यात गत वर्ष ५० अर्ब पुगेको छ। निर्यातको तुलनामा आयात भने निकै बढेको छ। गत वर्ष दुई देशबीचको व्यापार घाटा ३ खर्ब १६ अर्ब रुपैयाँ थियो। 'अब सबैले सुविधा पाएपछि नेपालका उत्पादनलाई भारतमा थप समस्या हुनेछ,' साउथ एसिया वाच अन ट्रेड इकोनोमिक्स एन्ड इन्भारोनमेन्टका अनुसन्धान बताएका छन्। नेपाल र भारतको भूगोल, हावापानीलगायत धेरैजसो विषयमा मिल्दोजुल्दो भए पनि लगानीको वातावरण नभएको भन्दै यसका लागि पहल गर्ने जानकारीसमेत दिए।

'मेरो भूमिका दुई देशबीचको व्यापार सहजीकरण गर्ने हुनेछ,' उनले भने, 'नेपालमा भारतको लगानी किन कम भइरहेको छ ? बैठकमा छलफल हुनेछ।' उनले भारतले विश्व बजारमै लगानी बढाइरहेका बेला यहाँ कम हुनुको कारण बैठकमा खोज्ने जानकारीसमेत दिए।

उनले प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) बढाउन नेपालले लगानी प्रवर्द्धनको वातावरण बनाउनु आवश्यक रहेको बताए। 'भोलि हुने बैठकमा भारतीय लगानी प्रवर्द्धन गर्ने विषयमा छलफल हुनेछ,' उनले भने।

उद्योग वाणिज्य महासंघ र भारतीय उद्योग परिसंघ (सीआईआई) ले संयुक्त रूपमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा खुल्लरले शनिबारबाट काठमाडौंमा हुने सचिवस्तरीय बैठकमा व्यापार सन्तुलन गर्ने विषयमा छलफल गर्ने प्रस्ताव राख्ने बताए।

सोही कार्यक्रममा अधिकृत पुष्प शर्माले भने। भारतले कृषिजन्य उत्पादनमा दिइरहेको ठूलो अनुदान र त्यसलाई विश्व व्यापार संगठनले समेत मान्यता दिएकाले नेपाली उत्पादनको बजारमा समस्या देखिनेछ। 'अब भारतीय कृषिजन्य उत्पादन नेपाल ल्याउँदा महसुल लगाउने हो कि ? यसबारे पनि पहल गरिनुपर्छ,' शर्माले भने। यसैबीच बैठकमा सहभागी हुन आएको भारतीय वाणिज्य सचिव राहुल खुल्लरले व्यापार सन्तुलनको विषयमा आफूले प्रस्ताव गर्ने सीआईआईका प्रबन्ध निर्देशक दीपक अमिताभले अर्थतन्त्रमा दुवै देशको निजी क्षेत्रको महत्त्वपूर्ण भूमिका भएको उल्लेख गरे। 'सीआईआई नेपालको अर्थतन्त्र पनि कसरी मजबुत पार्न सकिन्छ भन्ने विषयमा समन्वय गरिरहेको छ,' उनले भने, 'दुवै देशको अर्थतन्त्र विकासका लागि सबै क्षेत्रको सहकार्यको आवश्यकता छ।'

कार्यक्रममा भारतीय राजदूत रन्जित रे पनि उपस्थित थिए। नेपालका तर्फबाट उक्त अन्तरक्रिया कार्यक्रममा महासंघका पूर्वअध्यक्ष पद्म ज्योति, वर्तमान अध्यक्ष सुरज वैद्यलगायतको सहभागिता थियो। वाणिज्य मन्त्रालयका सचिव माधव रेग्मीले नेपालमा भारतीहरूलाई अझै लगानी गर्न बैठकबाट औपचारिक अनुरोध गरिने बताए। 'नेपालमा लगानीको सम्भावना बोकेका धेरै वटा क्षेत्र छन्,' उनले भने, 'बैठकमा त्यस विषयमा छलफल गरिनेछ। उक्त क्षेत्रमा लगानी गर्न अनुरोध पनि गर्नेछौं।' महासंघका पूर्वअध्यक्ष ज्योतिले नेपाली र भारतीय लगानीकर्ताबीच द्विपक्षीय रूपमा भएको लगानीले राम्रो गति लिएको दाबी गर्दै अबका दिनमा पनि बढाउँदै लैजानुपर्ने धारणा राखेका थिए।

'व्यापार व्यवसायका लागि राजनीतिक स्थायित्व आवश्यक छ। नेपालमा पनि निर्वाचन सम्पन्न भइसकेको छ। लगानीमैत्री वातावरण बनिरहेको छ,' उनले भने, 'प्रत्यक्ष वैदेशिक लागनी (एफडीआई) मा पनि सुधार हुँदै छ। भर्खरै भारतको जीएमआर कम्पनी र अन्तर्राष्ट्रिय वित्त निगम (आईएफसी) बीच नेपालमा लगानी गर्ने विषयमा सम्झौता भएको छ। यो एक उदाहरण हो।' महासंघ अध्यक्ष वैद्यले नेपालको अर्थतन्त्र सुधार गर्न भारतलगायत अन्य मुलुकहरूको लगानीले नै महत्त्वपूर्ण भूमिका खेल्नेमा विश्वास व्यक्त गरे।